# स्थानीय राजपत्र

शैलुङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ६, संख्याः ३, २० भाद्र, २०७९


## भाग-२

### शैलुङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
### काटाकुटी दोलखा
### बागमती प्रदेश, नेपाल

## "शैलुङ गाउँपालिकामा सञ्चालित शैक्षिक संस्थाहरुमा दिइने अनुदान कार्यविधि, २०७९"

**१.प्रस्तावना, संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यो कार्यविधि शैलुङ गाउँपालिकाको विनियोजन ऐन ,२०७९ कार्यान्वयनका लागि जारी गरिएको छ।

(२) यस कार्यविधिको नाम "शैलुङ गाउँपालिकामा सञ्चालित शैक्षिक संस्थाहरुमा दिइने अनुदान कार्यविधि, २०७९" रहेको छ।

(३) यो कार्यविधि शैलुङ गाउँपालिका भर लागू हुनेछ।

(४) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एक देखि कक्षा पाँच सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार बर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बालशिक्षा सम्झनु पर्छ ।

(ङ) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(च) "गाउँपालिका" भन्नाले शैलुङ गाउँपालिका सम्झनु पर्छ ।

(छ) "गाउँ सभा" भन्नाले शैलुङ गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

(ज) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता,सुस्त श्रवण वा अति अशक्त अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(झ) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनु पर्छ ।

(ञ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ट) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिका नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ठ) "संस्थागत विद्यालय" भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्तविद्यालय सम्झनु पर्छ ।

(ड) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्राधानाध्यापक समेतलाई जनाउछ ।

(ढ) ‘‘कर्मचारी’’ भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ण) ‘‘अभिभावक’’ भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनु पर्छ ।

(त) ‘‘अनुमति’’ भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृत प्रदान गरी नसकेको कुनै तोकिएको ठाउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(थ) ‘‘स्वीकृति’’ भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(द)‘‘आवासिय विद्यालय’’भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासिय विद्यालयको रुपमा स्वीकृत प्रदान गरिएको विद्यालयलाई सम्झनु पर्छ ।

(ध) ‘‘शैक्षिक गुठी’’ भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(न) ‘‘स्थायी आवासीय अनुमति’’ भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकीवा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरर्सिटी इमिग्रेन्ट भिसा (डि.भी), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वाग्रिन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउछ ।

**३. विद्यालय अनुदान सम्बन्धी व्यवस्था**

क) यस गाउँपालिका भित्र रहेको विभिन्न विद्यालयमा तिनीहरुको दरवन्दी संख्या, विद्यार्थी संख्या, भौगोलिक अवस्था आदिको अध्ययन गरी विद्यालयलाई अनुदान दिन सकिनेछ ।

ख) गाउँपालिकाबाट अनुदान व्यवस्था गरिएका विद्यालयहरुको शिक्षक छनौट, नियुक्ति, सेवाशर्त सुविधा गाउँपालिकाको कानून बमोजिम हुनेछ ।

ग) नियुक्ति हुने शिक्षकको व्यक्तिगत विवरण, नियुक्ति र तलबको भरपाई र प्रमाणित हाजिरी प्रतिलिपि विवरण गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

**४. अनुदान दरवन्दी सम्बन्धी व्यवस्था**

क)यस गाउँपालिकाका अन्तर्गत संचालित माध्यमिक विद्यालय र केही आधारभूत विद्यालयहरु आफ्नो निजी स्रोतबाट संचालन गरिरहेको , विगतका वर्षमा संघीय सरकारबाट अनुदान शिक्षक दरबन्दी प्राप्त भएकोमा यस आर्थिक वर्षमा सो दरबन्दी प्राप्त नभएकोले त्यस्ता विद्यालय संचालन गर्न नसक्ने अवस्था भई विद्यालय बन्द गर्नु पर्ने स्थिति सिर्जना हुने र विद्यालय बन्द हुँदा तहाँका विद्यार्थीहरुलाई थप अध्ययन गर्न समस्या पर्ने भएकोले हाल माध्यमिक र आधारभूत तह निजी स्रोतमा संचालन गर्न अनुदान दरवन्दीको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

ख) खण्ड (क) बमोजिमको दरवन्दीको सेवा सुविधा नेपाल सरकारले प्रदान गरेको अनुदान शिक्षक दरवन्दी सो सरहको हुनेछ ।

ग) यसरी उपलब्ध गराएको दरबन्दीमा शिक्षकको नियुक्ति गर्नु पर्दा विगतमा संघीय सरकारबाट अनुदान प्राप्त भई हाल अनुदान कटौती भएका विद्यालयको शिक्षकको हकमा त्यसैलाई निरन्तरता दिईने छ । नयाँ दरबन्दीको हकमा कार्यबिधि नं. ३ को खण्ड ‘‘ख’’बमोजिम हुनेछ ।

घ) खण्ड ‘‘क’’ बमोजिमको अनुदान दरबन्दी प्राप्त गर्ने विद्यालयहरु अनुसूची-१ बमोजिम हुनेछन ।

**५. बाल विकास सहजकर्ता अनुदान दरबन्दी सम्बन्धी व्यवस्था**

क) यस गाउँपालिकामा सञ्चालनमा रहेको सामुदायिक विद्यालयहरुमा ३० जना भन्दा बढी विद्यार्थी रहेको, एक जना मात्र शिक्षकको दरबन्दी भएको र साविकमा बाल विकास सहजकर्ता नभएको विद्यालयमा एक जना बाल विकास सहजकर्ता अनुदान दरबन्दीको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

ख) खण्ड ‘‘क’’ बमोजिम उपलब्ध गराएको दरबन्दीमा बाल विकास सहजकर्ताको नियुक्ति गर्नु पर्दा कार्यबिधि नं. ३ को खण्ड ‘‘ख’’बमोजिम हुनेछ ।

ग) खण्ड ‘‘क’’ बमोजिम अनुदान प्राप्त गर्ने शिक्षकको सेवा सुविधा संघीय सरकारले तोके बमोजिम हुनेछ ।

ग) खण्ड ‘‘क’’ बमोजिमको अनुदान दरबन्दी प्राप्त गर्ने विद्यालयहरु अनुसुची-२ बमोजिम हुनेछन ।

**६. प्राविधिक विद्यालय अनुदान सम्बन्धी व्यवस्था**

क) यस गाउँपालिका भित्र "प्राविधिक तथा व्यवसायिक तालिम परिषद" बाट सम्बन्धन लिई सञ्चालनमा रहेका प्राविधिक विद्यालयहरुलाई निरन्तर सञ्चालन , सञ्चालनको दिगोपन गर्नका अनुदान उपलब्ध गराइने छ ।

ख) खण्ड "क" बमोजिम अनुदान प्राप्त गर्ने विद्यालयको अनुदान रकम गाउँपालिकाको गाउँ सभा वा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

ख) खण्ड "क" बमोजिम उपलब्ध गराइएको रकम देहाय बमोजिम खर्च गरी सो को विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

- शिक्षकको मासिक तलब
- प्राविधिक ल्याब व्यवस्थापन
- प्राविधिक शिक्षाका लागि शैक्षिक सामाग्रीको व्यवस्थापन
- प्राविधिक शिक्षाको पुस्तकालय व्यवस्थापन

ग) खण्ड "क" बमोजिमको अनुदान दरबन्दी प्राप्त गर्ने विद्यालयहरु अनुसुची-३ बमोजिम हुनेछन ।

**७. दिवा खाजा अनुदान सम्बन्धी व्यवस्था**

क) यस गाउँपालिकाका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको पोषण सुधारका लागि पूर्व प्राथमिक तह देखि कक्षा ६ सम्मका बिद्यार्थीहरुको लागि संघीय सरकारबाट प्राप्त प्रति विद्यार्थी प्रति दिन रु १५ मा प्रति विद्यार्थी रु प्रति दिन रु ५ थप गरिने छ भने कक्षा सातमा अध्ययनरत विद्यार्थीका लागिप्रति विद्यार्थी प्रति दिन रु २० का दरले बढिमा १८० दिनका लागि मात्र अनुदान उपलब्ध गराइने छ ।

ख) खण्ड "क" बमोजिमको अनुदान प्राप्त गर्नका लागि विद्यालयले प्रत्येक ६ महिनामा गाउँपालिकाले तोकेको अनुसूची-४ बमोजिमको ढाँचामा फारम भरी प्रधानाध्यपक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षले प्रमाणित गरी पठाउनु पर्नेछ साथै विद्यार्थी हाजिरी प्रतिलिपि समेत प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

ग) दिवा खाजा सम्बन्धी अन्य व्यवस्था संघीय सरकारको कार्यक्रम कार्यन्वयन पुस्तिका २०७९/०८० र सामुदायिक विद्यालयमा दिवा खाजा संचालन कार्यबिधि,२०७५ बमोजिम हुनेछ ।

**८. क्याम्पस अनुदान सम्बन्धी व्यवस्था**

क) यस गाउँपालिकामा उच्च शिक्षा अध्ययनका लागि सञ्चालित क्याम्पसका लागि गाउँ सभाबाट विनियोजित बजेट अनुदान उपलब्ध गराईने छ।

ख) खण्ड "क" बमोजिम उपलब्ध गराइएको रकम देहाय बमोजिम खर्च गरी सो को प्रतिवेदन र विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ।

- प्राध्यापकको तलव
- क्याम्पसको प्रशासनिक खर्च
- विद्यार्थीका लागि छात्रवृति
- पुस्तकालयका लागि पुस्तक खरिद
- शैक्षिक सामाग्रीको व्यवस्थापन

## अनुसुची १
## अनुदान दरबन्दी प्राप्त गर्ने विद्यालयको विवरण

| क्र.सं | IEMIS कोड | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | दरबन्दी को तह | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २२०३६०००६ | श्री मागापौवा मा वि | शैलुङ-४ | ०-१० | मा.वि. शिक्षक अनुदान | |
| २. | २२०३६०००६ | श्री मागापौवा मा.वि. | शैलुङ-४ | ०-१० | नि.मा.वि. शिक्षक अनुदान | |
| ३. | २२००६०००२ | श्री नविन मा.वि. | शैलुङ-२ | ०-१० | मा.वि. शिक्षक अनुदान | |
| ४. | २२०४६०००२ | श्री शैलुङ्गेश्वर आ.वि. | शैलुङ-८ | ०-८ | नि.मा.वि. शिक्षक अनुदान | |
| ५. | २२०४६०००३ | श्री चण्डिका आ.वि. | शैलुङ-८ | ०-८ | नि.मा.वि. शिक्षक अनुदान | |
| ६. | २२०३६०००४ | श्री कमला आ.वि. | शैलुङ-४ | ०-८ | नि.मा.वि. शिक्षक अनुदान | |
| ७. | २२०१५०००१ | श्री दुधपोखरी आ.वि. | शैलुङ-१ | ०-८ | नि.मा.वि. शिक्षक अनुदान | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | | अन्य विद्यालयहरु | | | | |

अन्य विद्यालयहरुको हकमा गाउँपालिका गाउँकार्यपालिकाले निर्णय गरेका विद्यालयहरु पर्दछन।

## अनुसूची-२
## बाल विकस सहजकर्ता दरबन्दी प्राप्त गर्ने विद्यालयको विवरण

| क्र.सं. | IEMIS कोड | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | दरबन्दीको तह | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २२०४६०००६ | श्री शैलुङ्गेश्वर आ.वि. | शैलुङ-८ ढुङ्गे | ०-५ | बाल विकास सहजकर्ता अनुदान | |
| २. | २२०३६०००७ | श्री शैलुङ्गेश्वर आ.वि. | शैलुङ-८ पैती | ०-५ | बाल विकास सहजकर्ता अनुदान | |

## अनुसूची-३

## प्राविधिक विद्यालय अनुदान प्राप्त गर्ने विद्यालय विवरण

| क्र.सं. | IEMIS कोड | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | कैफियत |
|---|---|---|---|---|---|
| १. | २२०३६० ००६ | श्री दुर्गा मा वि | शैलुङ-४ | ०-१२ | |
| २. | २२०३६० ००६ | श्री शारदा मा.वि. | शैलुङ-८ | ०-१० | |
| ३. | अन्य विद्यालय | | | | |

अन्य विद्यालयहरुको हकमा गाउँपालिका गाउँकार्यपालिकाले निर्णय गरेका विद्यालयहरु पर्दछन ।

## अनुसूची-४

**विद्यालयले दिवा खाजाको विवरण पेश गर्ने ढाँचा**

शैलुङ गाउँपालिका

काटाकुटी,दोलखा

वागमती प्रदेश,नेपाल

मिति ............साल .......महिना ....... गते देखि ..........साल.........महिना ...... गते सम्मको दिवा खाजा विद्यार्थी विवरण

विद्यालयको नामः ठेगानाः कक्षा सञ्चालनः

| महिना | बाल विकास | | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल विद्यार्थी | हाजिरी विद्यार्थी | कुल विद्यार्थी | हाजिरी विद्यार्थी | कुल विद्यार्थी | हाजिरी विद्यार्थी | कुल विद्यार्थी | हाजिरी विद्यार्थी | कुल विद्यार्थी | हाजिरी विद्यार्थी | कुल विद्यार्थी | हाजिरी विद्यार्थी | | |
| विद्यार्थी संख्या | | | | | | | | | | | | | | |
| श्रावण | | | | | | | | | | | | | | |
| भाद्र | | | | | | | | | | | | | | |
| असोज | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्तिक | | | | | | | | | | | | | | |
| मंसिर | | | | | | | | | | | | | | |
| पौष | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | |

तयार गर्ने
नामः
हस्ताक्षरः
मितिः
फोन नं.

प्र.अ/प्रमाणित गर्ने
नामः
हस्ताक्षरः
मितिः
फोन नं.

विद्यालय व्यबस्थापन समिति
नामः
हस्ताक्षरः
मितिः
फोन नं.

विद्यार्थी संख्या = सो कक्षामा सो शैक्षिक वर्षमा भर्ना भएका विद्यार्थी संख्या
कुल बिद्यार्थी = सो कक्षामा भर्ना भएका विद्यार्थी संख्या * सो महिनामा विद्यालय खुलेको दिन
हाजिरी विद्यार्थी = सो महिना सो कक्षामा हाजिर भएका जम्मा विद्यार्थी संख्या

प्रमाणीकरण मिति २०७९ भाद्र १९ गते

आज्ञाले,
चुन बहादुर तामाङ
प्रमुख प्रशासकीय अधिकृत